यस खनियाबास गाउँपालिकाको दोस्रो गाउँसभाको प्रथम अधिबेसनमा उपस्थित हुनु भएका प्रमुख अतिथि ज्यू ! गाउपालिकाका उपाध्यक्ष ज्यु ! प्रमुख प्रशासकीय अधिकृत ज्यु ! गाउँसभा सदस्य ज्युहरू ! शाखा प्रमुख ज्यूहरु ! विद्यालयका प्र.अ. एवं प्रतिनिधि ज्युहरू ! विभिन्न राजनीतिक पार्टीका पार्टीप्रतिनिधि ज्युहरू ! पत्रकार मित्रहरू ! बिभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्था एवं कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्युहरू ! गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरू तथा आम गाउँवासी आमाबुवा,दाजुभाई तथा दिदीबहिनीहरू !

खनियाबास गाउँपालिकामा निर्बाचित दोस्रो गाउँसभाको प्रथम अधिबेसनमा उपस्थित हुनुहुने सम्पूर्णमा मेरो व्यक्तिगत तर्फबाट एवं गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत सहितको अभिबादन व्यक्त गर्न चाहन्छु । साथै आजको यस महत्वपूर्ण घडीमा देशका विभिन्न परिवर्तनकारी आन्दोलन, जनआन्दोलन,जनयुद्ध तथा मधेश आन्दोलनहरुमा आफ्नो महत्वपूर्ण जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

संबैधानिक रुपमा व्यबस्था भएको तिन तहको सरकार मध्य जनताको घरदैलोको सरकारको रुपमा स्थापीत स्थानीय सरकारको जननिर्बाचित प्रथम गाउँ प्रमुखको रुपमा आफ्नो पाच बर्षे पहिलो कार्यकाल सफलतापुर्बक सम्पन्न गरेकोमा मेरो योग्यता र क्षमतालाई आधार बनाई निर्बाचनकै माध्यामबाट कडा प्रतिस्पर्धाका बीच तपाईहरुकै अतुलनिय माया,साथ र सहयोगबाट पुन: दोस्रो पटक निर्वाचित गरि गाउँ प्रमुखकै जिम्मेवारी प्रदान गर्नुभएकोमा आम मतदाता तथा गाउबासीहरुमा हार्दिक धन्यबाद सहितको आभार व्यक्त गर्दछु । साथै यस दोस्रो गाउँ सभाको प्रथम अधिबेसनमा पुन: गाउँ प्रमुखकै हैसियतबाट आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यो सुनौलो अवसर प्राप्त भएकोमा म अत्यन्तै हर्षित भएको छु ।

मेरो पहिलो पाँच बर्षे कार्यकाल धेरै नै उपलब्धिमुलक रहेको मैले महसुस गरेको छु । पहिलो कार्यकालमा साना–ठुला गरी कैंयौं आयोजना तथा कार्यक्रमहरु सञ्चालन गरी समग्र गाउँपालिकालाई विकासको गतिमा अगाडि बढाउने प्रयासमा हरबखत लागि परेको र आगामी कार्यकालमा पनि सोहि बमोजिम दृढ संकल्पका साथ लागि पर्ने प्रतिबद्धता व्यक्त गर्दै तपाई सम्पुर्ण गाउँबासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुको सल्लाह,सुझाब र मार्गदर्शन अनुरुपनै आगामी गाउँ बिकासको खाका तय गरिने कुरा पनि अवगत गराउन चाहन्छु ।

कार्यालयको आफ्नै बिषयगत भवन नहुनु, आवश्यकता अनुसार कर्मचारी संख्या न्युन हुनु तथा संघीयताकै पहिलो अभ्यासका कारण पहिलो पाँच बर्षे कार्यकाल बुझाईको कमी तथा बिभिन्न खाले अन्योलता जस्ता विविध कारण मैले सोचे अनुरुपको सेवा प्रबाह तथा विकास निर्माणको कार्य गर्न नसकेको अनुभूति म आफैंले

महशुस गरेका छु र सो को व्यवस्थापनका लागि क्रमबद्ध रुपमा अगाडि बढिरहेको र निकट भबिष्यमा नै त्यसले पूर्णता पाउने बिश्वास पनि म यहाँहरूलाई दिलाउन चाहन्छु ।

विकासको गतिलाई तिब्र एवं मापनयोग्य हुने गरी अगाडि बढाउन हामी हाम्रा घोषणा पत्रका घोषित प्रतिबद्धतालाई अनुसरण गर्दै प्रथम "आवधिक रणनीतिक विकास आयोजना" लाई आवस्यकता अनुसार संसोधन गरेर गाउँवासीको वर्तमान अवस्थालाई विश्लेषण गरी निरन्तर गाउँबासीकै आवस्यकता र चाहना परिपुर्तिमा निरन्तर लागि पर्ने व्यहोरा पनि अवगत गराउन चाहन्छु ।

आजको यस महत्वपूर्ण घडीमा खनियाबास गाउँपालिकाको दोस्रो गाउँसभाको प्रथम अधिबेसनमा गाउँ प्रमुखको हैसियतले आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम सगौरब प्रस्तुत गर्दै गर्दा मेरो पहिलो पाँच बर्षे कार्यकालमा सम्बोधन गर्न नसकेका घोषित प्रतिबद्धतालाई आगामी पाँच बर्ष भित्र क्रमिक रुपमा पूरा गराउन हरसम्भव प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्दै आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सिलसिलेवार रुपमा प्रस्तुत गर्दछु :-

## १. आर्थिक विकास

### क) कृषि तथा पशु सेवा

- व्यवसायिक कृषि उत्पादनलाई प्रबर्द्धन गर्दै उत्पादित कृषिजन्य उत्पादनलाई उचित बजार ब्यबस्थापनको लागि आवश्यक पहल तथा आंशिक अनुदानको ब्यबस्था गरिनेछ ।
- अलैंची, आलु, किवी, ओखर, कफी, ट्राउट माछा तथा तरकारी फलफुल आदि यस क्षेत्रका पहिचान प्राप्त खेतिलाई थप ब्यबसायिक तथा आधुनिकीकरणको लागि आवश्यक पहल गरिनेछ ।
- किसानलाई पोल्ट्री, डेरी, सिताके च्याउका साथसाथै मौरी प्रबर्द्धन कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ संचालनमा ल्याइनेछ ।
- रैथाने बालि तथा पशु प्रबर्द्धन कार्यक्रम अन्तर्गत सिस्नुखेति, बेथेखेति, पाहापालन, भेडापालन, लोकल कुखुरापालन जस्ता ब्यबसायहरुलाई प्रबर्द्धन गरिनेछ । साथै सिस्नु उत्पादनलाई प्रोत्साहन गरि सिस्नुको पिठोलाई ब्रान्डीङ गरि राष्ट्रिय अन्तरास्ट्रिय बजारमा पठाइने ब्यबस्था गरिनेछ ।
- ब्यबसायिक पशुपालन प्रोत्साहनका लागि खोर गोठ सुधार कार्यक्रम संचालनमा ल्याईनेछ ।
- कृषि तथा पशुपालन वृद्धिका लागि सम्बन्धित निकायसंगको सहकार्यमा कृषकहरुलाई उचित तालिम तथा अनुदानमा उन्नत बिउबिजन, कृषि यन्त्र उपकरण उपलब्ध गराइनेछ ।
- कृषकहरुलाई खेतीपातिमा सहज बनाउनका लागि बालि पात्रो तयार गरि वितरण गरिनेछ ।
- वाली तथा पशु बिमा कार्यक्रम संचालनको लागि उपर्युक्त कार्यविधि बनाई कार्यन्वयनमा ल्याईनेछ ।

- पालिका स्तरिय नर्सरी स्थापना गरि कृषकहरुलाई आवश्यक पर्ने तरकारी तथा फलफुलका बिरुवाहरु अनुदानमा उपलब्ध गराइने ब्यबस्था गरिनेछ ।
- कृषकको क्षमता अभिवृद्दीको लागि कृषक समूह अभिमुखीकरण कार्यक्रम संचालनमा ल्याइनेछ ।
- खाद्यान्न बालीको उन्नत बिउ उत्पादक तथा वितरकलाई प्रोत्साहन गरिनेछ ।
- किसानहरुको तथ्यांक संकलन गरि तथ्यांकको आधारमा किसान परिचयपत्र वितरण गरिनेछ ।
- संचालनमा रहेका पकेट विकास कार्यक्रमहरुलाई थप ब्यबस्थित बनाई निरन्तरता दिईने तथा नयाँ पकेट विकासका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- कृषकहरुको आवश्यकता अनुसार ब्यबसायिक तरकारी खेति, फलफुल खेति सम्बन्धि तालिमहरु संचालन गरिनेछ ।
- बिउ आलु भण्डारणको लागि शितभण्डार स्थापना गर्न प्रदेश तथा संघिय सरकारसंग बजेट मागको लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका भित्र रहेका बाँझो जग्गाहरुको लगत संकलन गरि सामुहिक खेति गर्न प्रोत्साहन गरिनेछ ।

ख) पर्यटन क्षेत्र

- डी.पी.आर. निर्माण भएका योजनाहरुको संघ तथा प्रदेश सरकारबाट अनुदानका लागि पहल गरिनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटन प्रबर्द्धनका लागि होमस्टे दर्ता गराई संचालनका लागि तालिम तथा समन्वयको ब्यबस्था मिलाई अनुदान दिईनेछ ।
- यस गाउँपालिका क्षेत्रमा रहेका ऐतहासिक, धार्मिक, संस्कृतिक महत्वका सम्पदाहरुको स्तरोन्नति तथा मर्मत सम्भार गरिनेछ साथसाथै स्थानीय जनसहभागिताद्वारा मर्मतसम्भारमा जोड दिईनेछ ।
- तातोपानि क्षेत्रको संरक्षण तथा प्रबर्द्धन गरि पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न प्रदेश तथा संघिय सरकारसंग पहल गरिनेछ ।
- झार्लाङको पहिरोलाई पर्यटकीय आकर्षणको रुपमा विकास गरिने नीति ल्याइनेछ ।
- आन्तरिक पर्यटन प्रबर्द्धन तथा बजारीकरणका लागि संस्कृतिक महोत्सबको आयोजना गरिनेछ ।

ग) सहकारी

- गाउँपालिका भित्र संचालनमा रहेका सम्पूर्ण सहकारीहरुलाई सूचना प्रबिधि मैत्री बनाउन सफ्टवेयर प्रणालीमा लैजान अनुदानको ब्यबस्था गरिनेछ ।
- टोल विकास संस्थालाई क्रमिक रुपमा परिबर्तन गरि श्रम सहकारीको रुपमा रुपान्तरण गर्ने नीति लिईनेछ ।

- संघ-संस्था, सहकारी तथा वित्तीय संस्थाहरुको दर्ता, नविकरण, समायोजन तथा एकीकरण गरि थप ब्यबस्थित बनाइनेछ ।
- एकल महिला, गरिब, सिमान्तकृत, भिन्न क्षमता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका बर्ग र श्रमिकको जीवनस्तर सुधार ल्याउन सहकारी पद्दतिको व्यवसायमा पहुँच बढाइनेछ ।
- सहकारी तथा वित्तीय संस्थाहरुको तथ्यांक संकलन तथा डाटाबेस निर्माण र अध्याबधिकरण गरिनेछ ।
- मानव संसाधन बिकास अन्तर्गत सहकारी क्षेत्रमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता अभिबृद्दीको लागि प्रशिक्षण तथा अभिमुखीकरण तालिम संचालन गरिनेछ ।

घ) उद्योग तथा बाणिज्य

- खनियाबास उद्यमशीलता बिकास परियोजनालाई थप परिष्कृत गर्दै प्रभाबकारी रुपमा कार्यन्वयन गरिनेछ ।
- लघु घरेलु तथा सङ उद्योगको विकासका लागि दर्ता नबिकरण, क्षमता बृद्दी, पुंजी बृद्दी लगायतका कार्यहरुलाई प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ ।
- व्यापारिक फर्म, पसल दर्ता अनुमति, नवीकरण तथा खारेजीको सहजर ब्यबस्था मिलाइनेछ ।
- व्यवसाय प्रबर्द्धन तथा उद्यमशीलता विकासका लागि सहुलियत कर्जा तथा ब्याज अनुदान दिने कार्यक्रम अगाडी बढाइनेछ ।
- गाउँपालिका भित्र संचालनमा रहेका उद्योग, व्यापार, ब्यबसाय तथा प्रस्तिस्ठानहरुको तथ्यांक संकलन गरि प्रभाबकारी बजार अनुगमनको ब्यबस्था मिलाइनेछ ।

ङ) प्रधानमन्त्रि रोजगार कार्यक्रम

- प्रधानमन्त्रि रोजगार कार्यक्रमलाई थप ब्यबस्थित र प्रभावकारी रुपमा संचालन गर्ने प्रबन्ध मिलाइनेछ ।

च) संस्कृति प्रबर्द्धन

- पालिका स्तरीय सांस्कृतिक भवन तथा सभाहल खनियाबास गा.पा.-०३, कुरीमा निर्माणका लागि डी.पी.आर. तयार गरि प्रदेश र संघिय सरकारसंग बजेटका लागि पहल गरिनेछ ।
- धार्मिक तथा सांस्कृतिक व्यक्तित्वहरुको सुचिकृत गरिने नीति लिईनेछ ।
- धार्मिक तथा सांस्कृतिक स्थलहरुको दर्ता प्रक्रिया थालनी गरिनेछ ।
- सांस्कृतिक तथा पर्यटकीय नमुना गाउँको रुपमा विकास गर्न खनियाबास ३ कुरीलाई गाउँगौरवको आयोजनामा सुचिकृत गरिनेछ ।
- आधारभूत तहसम्म मातृभाषामा पठनपाठन सुरुवात गरिनेछ ।
- गोम्बोजोङ घले दरबार, सिल्हा क्षेत्र, तातोपानी क्षेत्रलाई पुरातात्विक बिभागको अन्वेषण रिपोर्ट अनुसार पर्यटकीय स्थलको रुपमा अगाडी बढाइनेछ ।

- मन्दिर, गुम्बा, चर्च जस्ता धार्मिक पूर्वाधार निर्माणमा ५०% जनसमुदायबाट र ५०% पालिकाबाट बजेट बिनियोजन गर्ने नीति लिइनेछ ।

२. सामाजिक बिकास

क) शिक्षा युवा तथा खेलकुद

- निशुल्क तथा अनिबार्य बाल तथा आधारभूत शिक्षालाई सबै बालबालिकाहरुको पहुँचमा पुर्याउन विद्यार्थी भर्ना कार्यक्रमलाई बिगत झैं अभियानको रुपमा संचालन गरि बिद्यालय शिक्षामा सबैको पहुँच स्थापित गरिनेछ ।
- निशुल्क माध्यमिक शिक्षालाई साधारण र ब्यबसायिक तर्फ आवश्यकताका आधारमा व्यवस्थित गरि उच्च शिक्षाको आधार तयार गरिनेछ ।
- गाउँपालिका अन्तर्गत संचालित एक घर एक स्नातक कार्यक्रमलाई निरन्तरता दिन आवश्यक ब्यबस्था मिलाइनेछ ।
- स्थानीय पथ्य्यक्रम निर्माण भईसकेको परिस्थितिमा स्थानीय पाठ्यपुस्तक छपाईका लागि आवश्यक ब्यबस्था मिलाइनेछ ।
- शिक्षामा सूचना तथा संचार प्रबिधिको प्रयोग गर्दै असहज परिस्थितिमा पनि बैकल्पिक तवरले शैक्षिक गतिबिधिहरु संचालन गर्ने परिपाटीको विकास गरिनेछ ।
- विभिन्न कारणले शिक्षाको मुलधारमा समाहित हुन नसकेका बिद्यालय उमेरका बालबालिका तथा प्रौढहरुलाई आवश्यकता र क्षमता अनुसारअनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन गरि सबैलैई जीवन पर्यन्त शिक्षाको अवसर सिर्जना गरिनेछ ।
- सामुदायिक बिद्यालयमा कार्यरत शिक्षक बालविकास शिक्षक तथा बिद्यालय कर्मचारी तथा लेखा कर्मचारीहरुलाई सेवा प्रति समर्पित हुन समय सापेक्ष रुपले प्रोत्साहित गरिनेछ ।
- एक वडा एक नमुना बिद्यालय कार्यक्रमलाई प्रभावकारी बनाउदै आधारभूत तहसम्म निरन्तरता दिईनेछ ।
- गरिब, जेहेन्दार, दलित छात्रछात्रालाई बिज्ञान तथा प्राबिधिक बिषय अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- शिक्षाको गुणस्तर सुधार गर्नका लागि बिद्यालय अनुगमन, निरीक्षणलाई निरन्तरता दिईनेछ ।

- गुणस्तरीय शिक्षाका लागि शिक्षक, प्र.अ.हरुलाई विभिन्न क्षमता विकास तालिम संचालन गरिनेछ ।
- नमुना अंग्रेजी बिद्यालयलाई अनुदान कायक्रमलाइ  निरन्तरता दिईनेछ ।
- बिद्यालयका सरोकारवालाहरुको क्षमता विकास गर्दै बिद्यालयमा विपद प्रतिरोधी पूर्वाधार निर्माण र स्वस्थ शैक्षिक बाताबरण कायम गरिनेछ ।
- बालशिक्षकहरुको लागि आवश्यक तालिमको ब्यबस्था गरिनेछ ।
- स्नातक र स्नातकोत्तर अध्ययनरत १/१ जना दलित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने नीति लिइनेछ ।
- दलित, बिपन्न तथा फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरि उच्च शिक्षा नि:शुल्क गराइनेछ ।
- लोक सेवा, शिक्षक सेवा, अध्यापन अनुमति पत्र तयारी कक्षाको लागि आवश्यक सहयोग गरिनेछ ।

ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण

- जेष्ठ नागरिकमा भएको अनुभव, ज्ञान र सीपलाई नयाँ पूस्तामा हस्तान्तरण गर्न नीति निर्माण, अनुसन्धान तथा बौद्धिक ज्ञान विस्तारका क्षेत्रमा जेष्ठ नागरिकहरुलाई सहभागी गराउने नीति अवलम्बन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई टोलटोलमा पुर्याउनको लागि बैंकसंग सहकार्य गरेर अगाडी बढ्ने नीति ल्याइनेछ ।
- लैङ्गिक हिंसा, शोषण, मानव बेचबिखन, विभेद तथा दुर्ब्यबहारलाइ शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।
- बालअधिकार र बालसंरक्षणलाई सुनिश्चित गर्न बालक्लब र बाल संजालहरु गठन तथा प्रशिक्षणको ब्यबस्था गरि कुनै एउटा वडालाई बालमैत्री वडा घोषणा गर्ने नीति अवलम्बन गरिनेछ ।
- लक्षित वर्गहरुलाई बिशेष ग्राह्यता दिदै खनियाबास उद्यमशील विकास कार्यक्रम संचालन गरिनेछ ।
- दलित बर्गले अपनाउदै आएको पेशालाइ थप ब्यबस्थित तथा प्रभाबकारी बनाउन पेशासंग सम्बन्धित क्षमता विकास कार्यक्रमलाइ प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।
- बाबुआमा बिहिन बालबालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालबिबाह अन्त्यका लागि सामुदायिक परिचालन कार्यक्रम संचालन गरि बालबिबाह मुक्त गाउँपालिका निर्माणमा यथोचित पहल गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको क्षमता अभिवृद्दी कार्यक्रम संचालन गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको लागि अपाङ्गमैत्री पुर्बाधार निर्माणमा जोड दिईनेछ ।

- फरक क्षमता भएका व्यक्तिलाई परिचयपत्र वितरण कार्य घुम्ती सेवा संचालन गरि वडा-वडाबाट प्रदान गर्ने व्यबस्था मिलाइनेछ ।

ग) युवा तथा खेलकुद

- अन्तर वडा तथा अन्तर पालिका स्तरीय खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
- सामुदायिक बिद्यालयहरुमा खेलकुद मैदानको स्तरोन्नति गरि खेलकुद सामग्रीहरु वितरण गरिनेछ ।
- युवामा प्रबिधि एबम परम्परागत सिपको आधुनिकीकरण गरि पेशाको व्यवसायीकरण गर्ने र स्वरोजगार मुलक कार्यमा सहुलियत लगानी र ब्याज अनुदान प्रदान गरिनेछ ।
- जिल्लास्तरीय वा प्रदेश स्तरीय प्रतियोगितामा समेत प्रतिस्पर्धामा जना सक्ने क्षमतावान् खेलाडीहरुलाई प्राथमिकताका साथ प्रोत्साहन गरिनेछ ।
- युवाको लागि PARK GYMNASIUM (पार्क जिम्नासियम) को लागि आवश्यक अवधारणा अघि बढाइनेछ ।

घ) स्वास्थ्य

- स्थानीय स्वास्थ्यचौकीहरुमा भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारलाई निरन्तरता दिईनेछ ।
- नेपाल सरकारबाट नि:शुल्क बितरण गरिने औषधिहरु सबै गाउँवासीको सहज पहुँचमा पुर्याईनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई संस्थाको सामान्य दैनिक खर्च संचालन गर्नका लागि बजेटको प्रबन्ध मिलाइनेछ ।
- स्वास्थ्य बिमा सम्बन्धि कार्यक्रमलाई प्रबर्द्धन गरिनेछ ।
- घरमा हुने सुत्केरी लाई शुन्यमा झार्न संस्थागत सुत्केरी सेवालाई प्रभावकारी बनाउन उचित कदम चालिनेछ ।
- महामारी तथा सरुवा रोग नियन्त्रण तथा रोकथामका लागि उचित ब्यबस्था गरिनेछ ।
- स्वास्थ्य कर्मी तथा स्वयंसेविकाहरुलाई आवश्यक तालिम तथा अन्य सहयोग उपलब्ध गराई क्षमता विकास गरिनेछ ।
- ज्येष्ठ नागरिकलाई घरघर टोलटोलमा गई स्वास्थ्य परिक्षण तथा सेवा दिईनेछ ।
- नियमित स्वास्थ्य परिक्षण गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- अति संबेदनशील रोगहरुको उपचारका लागि आर्थिक सहयोग प्रदान गर्ने नीतिलाई कार्यविधि बनाएर व्यबस्थित गरिनेछ ।
- स्वास्थ्य स्वयंसेविकाहरुको कामको उच्चतम मुल्यांकन गरिनेछ ।

## ३. पूर्वाधार विकास

### क) भवन तथा शहरी विकास

- विषयगत भवन, स्टिल फ्रेम अफिस बिल्डिङको पूर्णता तथा वडा नं.०४ को वडा कार्यालय भवनको निर्माण सुरुवात गरिनेछ ।
- भवन निर्माण आचारसंहितालाई पूर्णरुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका क्षेत्र भित्र पर्ने आँखुखोला स्थित जोखिम क्षेत्र पहिचानको डी.पी.आर. लाई बजेट बिनियोजन गराई क्षति नियन्त्रणमा जोड दिईनेछ । अन्य खोलानालाबाट हुने क्षतिको पहिचान गरि नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ ।
- केराबारी क्षेत्रमा पहिरो नियन्त्रण तथा अन्य क्षेत्रमा पनि पहिरो वरिपरी क्षेत्रलाई उचित सतर्कताको साथ नियन्त्रणको प्रबन्ध मिलाइनेछ ।
- ऐतहासिक महत्व राखेको संस्कृतिक सम्पदाहरुको संरक्षण, प्रबर्द्धन र निर्माणका लागि प्रदेश तथा संघिय सरकारसंग आर्थिक सहयोगका लागि पहल गरिनेछ ।
- **"बस्ती बचाऊ अभियान"** संचालन गरि बर्खाको पानि लाई बस्तिमा पस्न नदिन उचित ब्यबस्थापन गरिनेछ ।
- खनियाबास -०५ मम्बल खोलामा पक्कि पुल निर्माणको लागि संघ तथा प्रदेशमा पहल गरिनेछ ।

### ख) खानेपानी तथा सरसफाई

- आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट बन्चित क्षेत्रमा खानेपानी तथा सरसफाईका कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ ।
- **एक घर एक धारा नीति** लाई निरन्तरता दिंदै सम्भावित स्थानहरुमा रिजर्भ ट्यांकी निर्माण गरि स्वच्छ खानेपानी उपलब्धताको सुनिश्चितता गरिनेछ ।
- **मुहान बचाऊ अभियान** अन्तर्गत सबै खानेपानी मुहानमा बिज्ञ टोलि बोलाई स्वच्छता परिक्षण गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका खानेपानीका मुहान पहिचान गरि सोको उचित संरक्षण गरि संचालनमा ल्याईनेछ ।
- WASH MASTER PLAN (वाश मास्टर प्लान) लाई पूर्णरुपमा कार्यन्वयन गर्न पहल गरिनेछ ।
- **शुन्य फोहोर कार्यक्रम** संचालन गर्न टोल विकास संस्था संग समन्वय गरि ३ ओटा गाउँलाई नमुना बस्ति घोषणा गर्न कार्यक्रम संचालनमा ल्याईनेछ ।
- खानेपानी संरचना मर्मतको लागि मर्मत सम्भार कोषको ब्यबस्थालाई निरन्तरता दिईनेछ ।
- पूर्ण सरसफाई उन्मुख गाउँपालिका निर्माणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानी मुहान दर्ता कार्यलाई कडाइका साथ लागु गरिनेछ ।

### ग) उर्जा, बैकल्पिक उर्जा

- मुख्य मुख्य सडक तथा चोकहरुमा र सरकारी कार्यालयहरुमा सौर्य उर्जा जडान कार्यला निरन्तरता दिईनेछ ।
- लघु जलविद्युत परियोजना र ग्रामिण तथा नवीकरणीय उर्जा प्रबर्द्धनको लागि डी.पी.आर अनुरुप प्रदेश तथा संघिय सरकारसंग अनुदान कार्यक्रम माग गरिनेछ ।
- बिजुलीको पहुँच नपुगेको क्षेत्रमा बिद्युत प्रसारण लाईनको विस्तार गर्ने नीति ल्याइनेछ ।

घ) सिंचाई

- FARMER MANAGE IRRIGATION SYSTEM (FMIS) (फार्मर म्यानेज इरिगेसन सिस्टम) को रुपमा सिंचाई आयोजना संचालनमा ल्याईनेछ ।
- पानीको श्रोत कम भएको स्थानमा प्लास्टिक पोखरी निर्माण तथा थोपा सिंचाई प्रबिधिबाट सिंचाईको प्रबन्ध मिलाइनेछ ।

ङ) सडक, पुल तथा झोलुंगे पुल

- ग्रामिण यातायात गुरुयोजना (RTMP) पूर्णरुपमा कार्यन्वयनमा ल्याउन बजेट बिनियोजन गरि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- गुणस्तरीय कार्य प्रगतिको लागि उपाध्यक्षको संयोजकत्वमा प्राबिधिक सहितको संलग्नतामा अनुगमन तथा मुल्यांकन कार्य प्रति योजना कम्तिमा ३ पटक (सुरुवात, मध्य अवस्था र सम्पन्नको अवस्था) गरिनेछ ।
- सिमा जोडिएका गाउँपालिकालाई फाइदा पुग्ने खालका दुई वा डुई भन्दा बढी पालिकाको साझेदारीमा संचालन हुने पूर्वाधार निर्माणका कार्यक्रमहरुलाई भगिनी सम्झौता गरि संचालनमा ल्याईनेछ । यसको लागि समपुरक कोषबाट आवश्यक बजेट ब्यबस्था गरिनेछ ।
- सडक निर्माणमा दिगोपना ल्याउनका लागि बायो-इन्जिनियरिङमा आधारित रही साइड ड्रेन निर्माण, वृक्षारोपण जस्ता कार्यक्रम संचालनमा ल्याइनेछ ।
- हरेक वडामा वडा कार्यालयसंग जोडिएको सडकलाई नमुना सडकको रुपमा विस्तार गरि ३ बर्ष सम्ममा कालोपत्रे गर्ने व्यवस्था गरिनेछ ।
- गा.पा. कार्यालयबाट बृचेत जोड्ने उकालो सडकमा सोलीङ गरिएको सडकलाई RIGID PAVEMENT (रिजिड पेभमेन्ट) को अवधारणा अनुसार ढलान गरि सडक स्तारोंनाती गरिनेछ ।
- बाताबरणमा न्युनतम क्षति हुनेगरी आर्थिक प्रतिफल आउने सुनिश्चित गरेर मात्र ठुला सडक तथा पुलहरु निर्माण गर्ने ब्यबस्था मिलाइनेछ ।
- मानेचौतारा चौकीटोल गोदाम बृचेत सडक, किम्ताङफेदी रातमाटे सडक स्तरोन्नति तथा कुरी अक्थलि ग्रामिण सडक निर्माण गरिनेछ ।

- वडाबाट सडक आयोजनामा बजेट बिनियोजन गर्दा टुक्रे योजना नबनाई MINIMUM CEILING (मिनिमम सिलीङ) तोकिनेछ ।
- खनियाबास गा.पा.को गौरबको आयोजनाको रुपमा रहेको खनियाबास दामन पाख्रिन रिङरोडलाई स्तरोन्नति गरि उच्च स्तरको ग्रावेल गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- झोलुंगे पुलको अति आवश्यक क्षेत्रमा गैर सरकारी संस्थासंग समन्वय गरि कार्यक्रम माग गरिनेछ ।

## ४. बाताबरण तथा विपद ब्यबस्थापन

- वन बिनाश कार्य रोक्नका लागि सचेतना कार्यक्रम संचालन गरि सबै गाउँवासीहरुलाई सचेत गराइनेछ ।
- वर्षातको समयमा हुने जल उत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न जोखिमयुक्त स्थानहरु पहिचान गरि तारजाली तथा वृक्षारोपणका माध्यमबाट नियन्त्रणका कार्यहरु गरिनेछ ।
- गाउँपालिकामा स्थापना गरिएको विपद ब्यबस्थापन कोषलाएई बजेट ब्यबस्था गरि निरन्तरता दिईनेछ ।
- विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरिनेछ ।
- बन, जलाधार एबम प्राकृतिक स्रोतको तथ्यांक आधार तयार गरि दुरुस्त राखिनेछ ।
- जोखिमयुक्त क्षेत्र पहिचानको प्रतिबेदन अनुरुप कार्यक्रमहरु छनौट गरिनेछ ।
- सामुदायिक तथा कबुलियति बन क्षेत्रहरुमा तुलनात्मक रुपमा लाभ हुने उच्च मूल्यका जडिबुटी र बन अनुकुल फलफुल रोपण तथा गैर काष्ठ बन पैदावारको खेति लगाउन प्रोत्साहन गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

क) सूचना, प्रबिधि तथा अभिलेख ब्यबस्थापन

- गाउँपालिकाका सार्बजनिक जग्गा, सार्बजनिक सम्पत्ति, घरनक्सा पास लगायत सबै किसिमको अभिलेखहरुको डिजीटाईज्ड गरि ब्यबस्थित गरिनेछ ।
- गाउँपालिकाका सूचना जानकारी तथा गतिबिधिहरु वेबसाइट, मोबाइल एप्लिकेसन र सामाजिक संजाल मार्फत गाउँवासीहरुले सहजताका साथ जानकारी प्राप्त गर्ने प्रबन्ध मिलाइने छ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट संचालन गरिने राजस्वहरु, योजनाका कार्यहरु, जिन्सी ब्यबस्थापन, सिफारिस आदिलाइ सफ्टवेयर मार्फत कम्प्युटराइज्ड गरिनेछ ।
- सामाजिक सुरक्षा ब्यबस्थापन सूचना प्रणाली (VERSP-MIS)लाइ ब्यबस्थित बनाइने छ ।
- घटना दर्तालाई पूर्णरुपमा अनलाइन प्रणालीमा लगिनेछ ।
- गाउँपालिकामा साविकदेखि भएका कार्यहरुको अभिलेखहरु डिजीटाईज्ड गरिनेछ ।

- सभा / कार्यपालिकाले बनाएका स्थानीय निर्णयहरुको सार्बजनीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरि निर्णयहरु वेबसाइट / सूचनापार्टी र अन्य सफ्टवेयर माध्यम मार्फत सार्बजनिक गरिनेछ ।
- गाउँपालिका स्तरीय भर्चुअल नेटवर्कलाई ५ ओटै वडामा विस्तारित गरि लगिनेछ ।

ख) सुशासन, मानब संसाधन, विकास र सेवाप्रबाह

- नागरिक वडापत्र अद्यावधि गरि सेवा प्रवाहलाई सुनिश्चितता प्रदान गर्न डिजिटल बडापत्र, डिजिटल सुचना पार्टी प्रयोगमा ल्याइनेछ।
- गाउँपालिका संग सम्बन्धित सेवाग्राहीले मागेका विवरणहरु सूचना अधिकारी मार्फत समयमा नै उपलब्ध गराइनेछ ।
- कर्मचारीहरुलाई कार्यसम्पादन मुल्यांकनको आधारमा दण्ड र पुरस्कारको ब्यबस्था गरिनेछ ।
- खनियाबास गाउँपालिका कार्यालयमा कार्यरत स्थायी तथा करारका कर्मचारीहरुलाई प्रोत्साहन स्वरूप भत्ता उपलब्ध गराइनेछ ।
- क्षमता बिकास योजना (CD Plan) कार्यन्वयन गरि जनप्रतिनिधि तथा गाउँपालिका कार्यरत कर्मचारीहरुको क्षमता विकासमा विशेष जोड दिइनेछ साथै जनप्रतिनिधि तथा कर्मचारीहरु बीच टिम बिल्डिङका कार्यहरु गरिनेछ ।
- खनियाबास गाउँपालिकाको वडा नं.०२ को अक्थली, क्युङ, थली, कन्तरङ, गोरगङ र खनियाबास गाउँपालिकाको वडा नं.०३ को सिङ्गाङ र कुरिको लागि संयुक्त सेवा सम्पर्क कार्यालय खनियाबास-०३ कुरिमा स्थापना गरिनेछ ।
- MIMS प्रणालीलाई अनुगमन प्रतिबेदनको लागि प्रयोग गर्न निरन्तरता दिईनेछ ।
- गाउँका गतिविधिहरु गाउँबासी समक्ष पुर्याउन स्थानीय राजपत्र र गाउँ बुलेटिन प्रकाशन गर्दै लगिनेछ।
- गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको सहभागितामूलक, दिगो तथा अपनत्व बोध गराउन सार्बजनिक सुनुवाई, सामाजिक परिक्षणजस्ता कार्यलाई निरन्तरता दिईनेछ।
- लैंगिक समानता र सामाजिक समावेशीकरण (GESI) रणनीति अनुसार जातीय, क्षेत्रीय र लैंगिक भेदभावमुक्त समतामूलक समुदाय र न्यायपूर्ण समाज निर्माणमा जोड दिइनेछ ।
- वित्तीय जोखिम मुल्यांकन (FRRAP) गरि गाउँपालिकामा विद्यमान वित्तीय जोखिमलाई न्यूनीकरण गरिनेछ ।
- मध्यमकालीन खर्च संरचनाबाट सार्बजनिक खर्चको प्रक्षेपणलाई यथार्थपरक र बस्तुनिष्ठ बनाइनेछ।
- राष्ट्रसेवक कर्मचारीलाई प्रदान गरिने सेवा सुबिधालाई समय सापेक्ष बनाउन नेपाल सरकारले लिएको नीति अनुरुपको व्यवस्था मिलाइनेछ ।

- जग्गा नापजाँचको लागि कार्यविधि निर्माण गरि सो अनुसार व्यबस्थित गरिनेछ ।

ग) सुरक्षा व्यबस्थापन

- गाउँपालिकाको मुख्य मुख्य चोकहरुमा सडक बत्ति जडानको व्यबस्था गरिनेछ ।
- शान्ति सुरक्षा कायम गर्नको निम्ति गाउँ प्रहरीको व्यबस्था गर्ने नीति अवलम्बन गरिनेछ ।
- मदिराको बिक्रि वितरण कार्यलाई व्यबस्थित बनाइनेछ ।
- गाउँपालिकाको शान्ति सुरक्षाको लागि गाउँपालिका भित्र रहेका इलाका प्रहरी कार्यालयसंग समन्वय गरि अगाडी बढिनेछ ।

घ) न्याय सम्पादन

- न्यायिक समितिको क्षमता अभिबृद्धि गर्दै, गाउँपालिकाबाट न्याय सम्पादन गर्न उपयुक्त किसिमको इजलास निर्माण गर्न बजेट बिनियोजन गरिनेछ ।
- न्यायिक समितिमा परेका उजुरीहरुलाई सकेसम्म मेलमिलापको माध्यमबाट निरुपण गर्ने नीति ल्याइनेछ । साथै आवश्यकता अनुसार स्थानीय मेलमिलाप कर्ता थप गरिनेछ ।
- बिगत ५ बर्षमा बनेका सम्पूर्ण नियम कानुन कार्यविधिहरुलाई समिक्षा गरि आवस्यक संम्सोधन गरिनेछ ।
- न्यायिक समीतिमा प्राप्त उजुरीहरुलाई यथासम्भब छिटो किनारा लगाइनेछ ।
- मेलमिलापकर्तालाइ प्रोत्साहित गर्ने नीतिलाइ निरन्तरता दिईनेछ ।
- हिंसा पिडित महिला, एकल महिला, भिन्न क्षमता भएका व्यक्ति दलित बालबालिका र जेष्ठ नागरिकमा न्यायमा शिघ्र पहुँच पुर्याउन आवश्यक व्यबस्था मिलाइनेछ ।
- न्यायीक समिति र जनप्रतिनिधिहरुको लागि क्षमता बिकास सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
- न्यायिक समितिको कार्यबोझमा कमि ल्याउन वडाको बिबाद सकेसम्म वडास्तर मै मिलाई सबै मेलमिलापकर्तालाइ आवश्यक थप क्षमता अभिबृद्धि तालिम तथा भ्रमणको व्यबस्था मिलाई मेलमिलाप केन्द्र व्यबस्थापनमा जोड दिईनेछ ।

ङ) अन्तिम लेखापरिक्षण तथा बेरुजु

- साविक गाउँ विकास समितिको समय देखि नै रहेका पेश्की बेरुजु रकमहरु नियमित गर्ने कार्यमा बिषय बिज्ञको समेत राय सल्लाह लिई पुरानो पेश्की, बेरुजु फछ्यौंट तथा सम्परीक्षण कार्यलाई निरन्तरता दिईनेछ ।
- गत आ.व.का बेरुजुहरु नियमित गर्नुपर्नेलाइ नियमित गरि असुलउपर गर्नुपर्ने खालका बेरुजुहरु सम्बन्धित व्यक्ति तथा संघसंस्थाहरु संग नियमानुसार असुलउपर गराइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुले समयमा नै पेश्की तथा बेरुजु फछ्यौंट नगरेमा पारिश्रमिक, तलबभत्ता समेत असूलउपर गर्ने नीति लिइनेछ ।

च) लेखांकन तथा राजस्व परिचालन

- व्यवस्थित लेखा प्रणालीको प्रभावकारी कार्यन्वयनका लागि कार्यालयको संस्थागत क्षमता अभिबृद्दी गर्न पहल गरिनेछ ।
- कर तथा शुल्क दस्तुरको नयाँ क्षेत्र समेत पहिचान गरि करको दायरा फराकिलो बनाइनेछ ।
- संचित कोषमा संकलित राजस्वलाई आवश्यकता र औचित्यको आधारमा पूर्ण: मितव्ययिता अपनाई गाउँवासीको उच्चतम हितमा प्रयोग गरिने छ ।
- राजस्व संकलन तथा करदाताको अभिलेख ब्यबस्थित गर्न डिजिटल बिलिङलाई निरन्तरता दिईनेछ ।
- करदातालाई कर तिर्न प्रोत्साहित गर्न निश्चित समयमा आवश्यक छुट तथा सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।
- राजस्व संकलनको लागि कर शिक्षा एवं संकलन कार्यक्रम मार्फत करमैत्री बाताबरण तयार गरिनेछ ।
- आर्थिक एनलाइ सम्सोधन गरि करको दर र दायरा विस्तार गर्ने तथा स्थानीय संरचना अनुकुल गैरकरका क्षेत्रहरुको पुनरावलोकन गरिनेछ ।
- बजार अनुगमन लाई प्रभावकारी बनाइनेछ ।
- सम्बन्धित करदाताको सम्पती मुल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरि नियमित अद्यावधिक गर्ने ब्यबस्था मिलाइनेछ ।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्दतिलाई अनिवार्य गरिनेछ ।
- सम्पतिकरको विजकलाई सूचना प्रबिधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्दति सुरु गरिनेछ ।
- कृषि क्षेत्रको ब्यबसाय करलाई केहि न्यूनीकरण गरिने तथा अन्य क्षेत्रहरुमा आम्दानीका आधारमा ब्यबसाय कर लगाइनेछ ।
- गाउँपालिका भित्रका सांस्कृतिक महत्वका पर्यटकीय स्थलहरु (जस्तै: बिजुलीङ युङ्बा, तातोपानि, सिंल्हाक्षेत्र) लाइ व्यबस्थित गरि कर संकलनमा टेवा पुग्ने बाताबरण तय गरिनेछ ।

छ) वित्तीय सुशासन तथा जोखिम न्यूनीकरण

- वित्तीय सुशासन कायम गर्न आम्दानि र खर्चलाइ पारदर्शी र मितव्ययि बनाइनेछ ।
- खरिद प्रक्रियालाइ प्रतिष्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउदै लगिनेछ ।
- आर्थिक क्रियाकलापहरुको मासिक, चौमासिक र बार्षिक विवरणहरु सूचना पाटीं, वेबसाइट साथै संचार माध्यमहरुबाट समेत प्रकाशित गरिनेछ ।
- तपसिल बमोजिमका कोषहरुलाई निरन्तरता दिईनेछ ।
    - ❖ समपुरक कोष
    - ❖ मर्मत सम्भार कोष

❖ बाताबरण तथा विपद ब्यबस्थापन कोष

- कर्मचारी कल्याण कोष संचालनमा ल्याइनेछ ।
- आन्तरिक लेखापरीक्षण शाखाको गठन गरि कार्यसम्पादनलाई प्रभावकारी बनाईनेछ ।

ज) सामाजिक परिक्षण

- बिषय बिज्ञहरु समेतको सेवा लिई आयोजनाहरुको स्थलगत सामाजिक परिक्षण कार्य गरिनेछ ।
- गाउँवासी, जनप्रतिनिधि र कर्मचारी समेतको संलग्नतामा सामाजिक परिक्षणलाई सुनिश्चितता प्रदान गरिनेछ ।

झ) सार्वजनिक सुनुवाई

- नियमित रुपमा सार्बजनिक सुनुवाईको आयोजना गर्ने र जनगुनासोको यथाशिघ्र सम्बोधन गरिनेछ ।
- गुनासो अभिलेख, उजुरी पेटिका, सुझाब पेटिका ब्यबस्थित रुपमा कार्यालयमा ब्यबस्थापन गरि सोहि आधारमा गुनासो ब्यबस्थापन गर्न गूनासो ब्यबस्थापन समीतिको कामलाई निरन्तरता दिईनेछ ।
- सार्बजनिक सुनुवाईबाट प्राप्त हुन आउने सुझाबलाई पुन: कार्यान्वयन गर्न एउटा समिति गठन गरि सार्बजनिक सुनुवाईलाइ प्रभावकारी बनाइनेछ ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण विवरण सबैले अध्ययन गर्न सहज पहुँच पुग्ने गरी अविलम्व यस गाउँपालिकाको वेबपेजमा राख्ने र निकट समयामा नै नीति तथा कार्यक्रमको पूर्ण विवरण सहित योजना तर्जुमाका आधार तथा लिईएको नीतिहरूको विस्तारित खाका समेटिएको पुस्तक यथाशिघ्र प्रकाशन गरी यहाँहरू समक्ष उपलब्ध गराइने व्यहोरा अवगत गराउदै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग प्रदान गर्न सम्पुर्ण निर्बाजित जनप्रतिनिधिहरु, गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरू तथा आम गाउँवासी आमाबुवा, दाजुभाई, दिदीबहिनीहरूमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद, जय नेपाल !

रणबहादुर तामाङ

अध्यक्ष